# मिति २०७४/१२/३० गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

**निर्णय नं १**

गाउँ शिक्षा समितिको मिति २०७४।१२।२९ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्दै तपसिल बमोजिम गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

१. शैक्षिक सत्र २०७५ देखि लागु हुने गरि देहायका विद्यालयमा कक्षा तथा तह थपको लागि अनुमति प्रदान गर्ने

क श्री निराजन मा वि ढोरचौरमा कथा ११ संचालनका।

ख श्री ब्राइटपर्ल एकेडेमी ढोरचौर सल्यानमा कथा १ संचालन।

ग श्री सिद्ध कुमाख बोर्डिङ स्कूलमा कथा १ संचालन

घ श्री एम आर बि एकेडेमी बाँझकाँडा सल्यानमा कक्षा ४ थप।

२. विद्यार्थी संख्या न्यून भएका देहाय विद्यालय मर्ज गर्ने तर साविक बमोजिम रहेका प्रारम्भिक बाल शिक्षा कक्षा यथास्थानमा संचालन गर्ने।

| क सं | साविक विद्यालय | मर्ज गरी पठाइएको विद्यालय |
|---|---|---|
| १ | कालिका प्रा वि बाँझकाँडा | महेन्द्र मा वि बाँझकाँडा |
| २ | जनज्योति प्रा वि मेलचौर बाँझकाँडा | शान्ति प्रा वि बाँझकाँडा |
| ३ | जनकल्याण प्रा वि खरपुले चाँदे | जनसेवा आ वि सागिने |
| ४ | कैलाश प्रा वि सिद्धेश्वरी | विष्णु प्रा वि खानीगाउँ |
| ५ | भगवती प्रा वि कुखुरे खोर | सरसस्वती आधारभूत वि हाम्फाल |

३. मर्ज गरिएका विद्यालयका शिक्षक र कर्मचारीहरु देहाय बमोजिम व्यवस्थापन गर्ने

शिक्षक व्यवस्थापन

| क सं | साविकको विद्यालय | हाल खटाइएको विद्यालय |
|---|---|---|
| १ | भगवती प्रा वि कुखुरे खोर | महेन्द्र मा वि बाँझकाँडा |
| २ | कैलाश प्रा वि सिद्धेश्वरी | दरबन्दी शिक्षकः विष्णु प्रा वि खानीगाउँ<br>राहत शिक्षकः सिद्ध मा वि भडारे |
| ३ | जनकल्याण प्रा वि खरपुले चाँदे | पुरूष शिक्षकः शान्ति सुन्दर आ वि खार्वन<br>महिला शिक्षक (राहत): बाल उद्यान प्रारम्भिक वि करेन्जी |

कर्मचारी (विद्यालय) सहयोग व्यवस्थापन

| क सं | साविकको विद्यालय | हाल खटाइएको विद्यालय |
|---|---|---|
| १ | कालिका प्रा वि बाँझकाँडा | सोहि विद्यालयको प्रारम्भिक बाल शिक्षा |

| | | |
|---|---|---|
| २ | जनज्योति प्रा वि मेलचौर बाँझकाँडा | सोहि विद्यालयको प्रारम्भिक बाल शिक्षा |
| ३ | जनकल्याण प्रा वि खरपुले चाँदे | नेरा मा वि छापडाँडा बडाकाँडा |
| ४ | कैलाश प्रा वि सिद्धेश्वरी | सिद्ध मा वि भडारे |
| ५ | भगवती प्रा वि कुखुरे खोर | सरसस्वती आ वि हाम्फाल |

४ सिद्ध कुमाख गाउँपालिकाको आ व २०७४।७५ को स्वीकृत कार्यक्रम अनुसार विद्यालय चालु अनुदानमा विनियोजित रकम रु २३,००,०००।— लाई विद्यार्थी संख्या धेरै र शिक्षक संख्या थोरै भएको विद्यालयलाई देहाय बमोजिम बाँडफाड गर्ने निर्णय गरियो।

| | |
|---|---|
| नेपाल राष्ट्रिय मा वि बडाकाँडा | रु ४५००००।- |
| निराजन मा वि ढोरचौर | रु ४२००००।- |
| महेन्द्र आदर्श मा वि बाँझकाँडा | रु २०००००।- |
| शान्ति सुन्दर आ वि खार्वन | रु १५००००।- |
| बालकल्याण आ वि फलाँटे | रु १९००००।- |
| | |
| जनसेवा आ वि सागिने | रु १०००००।- |
| तारादेवी प्रा वि दह | रु १०००००।- |
| सरसस्वती बाबा प्रा वि घरेली | रु ७००००।- |
| बाल उद्यान प्रारम्भिक वि करेन्जी | रु ६००००।- |
| सिद्ध मा वि भडारे | रु २०००००।- |
| जनता कालिका आ वि चिनाली | रु ६००००। |
| हिमालय आधारभूत विद्यालय माझखर्क | रु १०००००।- |
| बाल विकास प्रारम्भिक विद्यालय राम्री | रु ६००००।- |
| देउराली मा वि कुइयाझोल | रु १०००००।- |
| हिमालय आ वि डाँडाकटेरी | रु ४००००।- |

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट सम्बत २०७४ सालको माध्यामिक शिक्षा परिक्षा (SEE) मा सहभागि भई सर्वोकृष्ट नतिजा ल्याउने १ जना छात्र र १ जना क्षात्रालाई प्रोत्साहन स्वरुप जनही रु २५०००।- (अक्षेरुपी पच्चिस हजार मात्र) छात्रवृति प्रदान गर्ने। त्यसै गरी गाउँपालिका स्तरीय कक्षा ८ को परीक्षामा सर्वोकृष्ट हुने १ जना क्षात्र र १ जना क्षात्रालाई जनही रु ५००० छात्रवृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

३. सिद्ध कुमाख गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

गाउँपालिका आ व २०७४।७५ को स्विकृत योजना सम्बन्धी काममा कार्यालय समय भन्दा बाहिर विहान वेलुका अतिरिक्त समय र सार्वजनिक विदाको दिन समेत काम गर्नुपर्ने भएकोले बैशाख १ गते देखि असार मसान्त सम्मको लागि प्राविधिक शाखाका कर्मचारी, योजना शाखाको कर्मचारी, कार्यालय सहयोगी, लेखाको कर्मचारी र प्रमुख प्रशासकीय अधिकृतलाई अतिरिक्त समय काम गरेवापत शुरु तलब स्केलको ४० प्रतिशत अतिरिक्त भत्ता प्रदान गर्ने निर्णय गरियो। तर उक्त सुविधा प्राप्त गर्न कार्यालय समय बाहिर र सार्वजनिक विदाको दिन समेत कार्यालयको काम गरेको हुनु पर्नेछ।

**निर्णय नं ५**

नेपाल सरकारले आमा सुरक्षा कार्यक्रम अन्तर्गत चार ANC Visit गरेबापत प्रदान गर्ने भत्तामा सिद्ध कुमाख गाउँपालिकाको तर्फबाट निर्णय भएको मिति देखि लागु हुने गरि प्रति Visit थप रु १०० र सुत्केरी यातायात खर्च बापत थप रु ५०० प्रदान गर्ने निर्णय गरियो।तर यस्तो सुविधा प्राप्त गर्नलाई नेपाल सरकारले निर्धारण गरेको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिका वडा नं ४ मा अवस्थित सियोन प्रार्थना मण्डलीलाई विभिन्न किसिमका पुस्तक तथा खेल सामाग्री खरिद तथा मण्डली ब्यवस्थापन बापत रु १००००० (अक्षेरुपी एक लाख मात्र) र सिद्ध कुमाख गा पा १ मोखलामा रहेको गणेश मन्दिर घेरवारका लागि रु ५०००० (अक्षेरुपी पचास हजार मात्र) धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट खर्च लेखी आर्थिक सहायता दिने निर्णय गरियो।

**निर्णय नं ७**

सिद्ध कुमाख गाउँपालिकाको गाउँसभाले आ व २०७४।७५ का लागि स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकामा संचालित योजना सफलता पूर्वक सम्पन्न भई भुक्तानी भइसकेका तपसिलका योजनाको भुक्तानी अनुमोदन गर्दै फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. ढोरचौर छापडाँडा सडक स्तर उन्नती आयोजना

२. उचाल्ने विचगाउँ सडक आयोजना

३. सिमपाखा भटेर्न पल्लो चोरपानी हुदै उपल्लो उचाल्ने क्रमागत सडक आयोजना

४. बर्माथान दलितटोल बडाचौर क्रमागत सडक आयोजना

५. उचाल्ने खार्वन ४ नं वडा कार्यालय हुदै सागिने क्रमागत सडक आयोजना

६. ढोरचौर माझखर्क सडक स्तर उन्नती तथा नयाँ निर्माण आयोजना

७. महेन्द्र आर्दश मा वि २ कोठे भवन निर्माण तथा भौतिक पूर्वाधार निर्माण रनिङ विल

८. बाल कल्याण आधारभुत वि फलाटे भवन निर्माण

९. ने रा मा वि छापडाँडा फिल्ड निर्माण घेरबार र गेट निर्माण

१०. खर्सेनी खोला पाखा सिचाई योजना

११. माझगाउँ सडक स्तर उन्नती तथा नया निर्माण आयोजना

१२. सतिपोले उचाल्ने क्रमागत सडक आयोजना

१३. मोरले खोला खाने पानी योजना

साथै सपन्न भइसकेका तपसिलका योजनाहरुलाई फरफारक गर्ने र भुक्तानी दिने निर्णय गरियो

१. पटारे मेलबोट माथिल्लो पटारे क्रमागत सडक आयोजना

२. कोप्चेखोला खर्केडाँडा सडक आयोजना

३. सिमाधारा कल्लेचौर बाहुनी बजैथान क्रमागत सडक आयोजना

४. पल्लो वल्लो कल्याचौर शान्तिबजार कालिमाटी सडक ममर्त

५. माथिल्लो उचाल्ने चिनाली क्रमागत सडक आयोजना

६. तिमिले सागिने सडक आयोजना

७. छापडाँडा गुइते सडक आयोजना

८. दह राम्री सडक निर्माण आयोजना

१०. मेल्चौर खा पा योजना

११. काफल खोली (सिमपाखा) मर्मालचौर खा पा योजना

१२. जुगेखोला फलाटे खा पा योजना

१३. आमा समुह डाँडाकटेरी भवन निर्माण

१४. आमा समूह फलाटे टोल भवन निर्माण

१५. कालिका आधारभुत वि भवन मर्मत

१६. नौधारी सम्मार सिचाई कुलो

१७. पाखापानी धारा निर्माण

१८. चाख्लीघाट महेन्द्र प्रा वि सडक आयोजना

१९. माझखर्क माथिल्लो टोल खा पा मर्मत

२०. लाली गुँरास सचेतना केन्द्र शौचालय निर्माण